जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १९८ २०८० साल फागुन २६ गते शनिबार (9 Mar. 2024 Saturday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : आलेख : गरौं घरदेखि राज्यस्तर. ३ पृष्ठमा : महिलाका संवैधानिक अधिकार... ३ पृष्ठमा : सहायतालाई 'बार्गेनिङ...

## तालाबन्दीप्रति सप्तरीका पाँच वटा संघ-संगठनद्वारा आपत्ति

**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन ।**

नेपाल पत्रकार महासंघ सप्तरी शाखामा पत्रकारिता छाडेर अन्य पेशा, व्यवसायमा लागेकाहरुले तालाबन्दी गरेकोप्रति जिल्लाका पाँच वटा संघ-संगठनहरुले आपत्ति जनाएका छन् ।

प्रेस युनियन, प्रेस मञ्च, प्रेस सेन्टर, प्रेस चौतारी र समाजवादी प्रेस संगठन सप्तरीले शुक्रबार संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै लगाइएको तालाबन्दी प्रति आपत्ति जनाएको हो ।

प्रेस युनियन सप्तरीका अध्यक्ष विनय कुमार लाल कर्ण, प्रेस मञ्च सप्तरीका अध्यक्ष भुषणकुमार सिंह, प्रेस सेन्टर सप्तरीका अध्यक्ष दिनानाथ यादव, प्रेस चौतारी सप्तरीका अध्यक्ष डम्बर राई र समाजवादी प्रेस संगठन सप्तरीका अध्यक्ष अनिलकुमार पोखरेलद्वारा हस्ताक्षर गरेको उक्त विज्ञप्तिमा ताला खोलि वार्ता र सम्वादको माध्यमले समस्या समाधान गर्न सम्बद्ध पक्षसँग आग्रह समेत गरिएको छ ।

विज्ञप्तिमा सदस्य शुद्धिकरण अभियानमा पाँच वटै संगठनको समर्थन रहेको उल्लेख गरिएको छ । 'नेपाल पत्रकार महासंघ, चेन अफ कमाण्ड भित्रको र केन्द्रको निर्देशन अनुसार चल्ने संस्था भएको हामीले बुझेका छौं । केन्द्रीय कार्यालयले देशभर शुद्धिकरण गर्ने अभियान चलाएपछि सप्तरी शाखाले पनि चलाएको हामी सबैलाई अवगतै छ । जसको हामी सबै संगठनले समर्थन पनि गरेका हौं ।' विज्ञप्तिमा भनिएको छ, 'शाखाको शुद्धिकरण निर्णयपछि कतिपयले प्रदेश समितिमा उजुरी पनि दिएका थिए । प्रदेशले सिफारिस गरी केन्द्रमा बुझाउँदा पनि कतिपयले उजुरी हालेका छन् । केन्द्रले अहिलेसम्म सदस्यता निक्यौंल गरि नसकेको अवस्था विद्यमान छ ।'

'नेपाल पत्रकार महासंघ सप्तरीको राजविराजस्थित कार्यालयमा मिति २०८० फागुन २४ गते सदस्यता शुद्धिकरणमा परेकामध्ये केहि व्यक्ति (पत्रकारिता छाडेर अन्य पेशा, व्यवसायमा लागेका) ले गरेको तालाबन्दी प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।' विज्ञप्तिमा भनिएको छ, 'नेपालमा लोकतन्त्र स्थापनाको आन्दोलनमा अग्रणी भूमिका निर्वाह गरेको महासंघ नागरिकको मौलिक हक अधिकार, मानवअधिकार, प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रताको पक्षमा लड्दै आएको तथ्य कसैबाट लुकेको छैन् ।'

स्वेच्छाले सदस्यता परित्याग गरेकाहरुले पुनः आफ्नो सदस्यता कायम रहनुपर्छ भनि ढिपी कसेको भन्दै विज्ञप्तिमा उनीहरुको नैतिकतामाथि प्रश्न समेत उठाइएको छ । 'अझ स्वेच्छाले सदस्यता परित्याग गरेकाहरु पुनः आफ्नो सदस्यता कायम रहनुपर्छ भनी ढिपी कस्नु नैतिकताको बिषय हुनै सक्दैन् । पत्रकार महासंघ, विशुद्ध पत्रकारहरुको मात्र संस्था बन्नुपर्नेमा हामी प्रतिबद्ध छौं । यो पेशा छाडेर अन्य पेशामा गएकालाई आफैं सदस्यता त्याग गर्नुपर्नेमा सदस्य रहन पाउँ भन्नु न्यायसंगत हुन सक्दैन् ।' विज्ञप्तिमा उल्लेख गरिएको छ ।

त्यस्तै सप्तरी शाखाले साधारणसभा गर्ने मिति निर्धारण गरिसकेपछि केन्द्रले नै रोक्न निर्देशन दिएको उल्लेख गर्दै सदस्यता कायम गराउने र साधारण सभा गर्ने अधिकार अहिले शाखालाई नभएको विषय सबैले बुझ्नुपर्ने विज्ञप्तिमा स्पष्ट गरिएको छ । 'नयाँ सदस्यता दिने बिषयमा महासंघले प्रक्रिया अगाडी बढाईसकेको भनि महासंघको विज्ञप्तीबाट यसअघि नै सार्वजनिक भईसकेको छ । तर, तालाबन्दीले उक्त काम पनि प्रभावित हुने देखिएको छ ।' विज्ञप्तिमा भनिएको छ, 'महासंघले मागलाई सकारात्मक लिदैं एक चरणको वार्ता पनि गरेको हामीलाई अवगत भएको छ । अर्को चरणको वार्ता बसी समस्या समाधान गर्नुपर्नेमा त्यसतर्फ ध्यान नदिई एक्कासी ताला नै लगाउनु ठीक होइन् । केहि कुरामा असहमति भए वार्ता र सम्वादको माध्यमले समाधान खोज्नुपर्नेमा वा अन्य रचनात्मक आन्दोलन गर्नुपर्नेमा सोझै कार्यालयमा ताला लगाउनु न्यायसंगत हुनै सक्दैन् ।'

यसअघि पीडित पत्रकारहरुको समूहले बिहीबार नेपाल पत्रकार महासंघ शाखा सप्तरीले तीन बर्ष बितिसक्दा पनि एक पटक साधारण सभा नगरेको, सदस्यता शुद्धिकरणको नाममा पक्षपात गरी सदस्यता नविकरण नगरेको र योग्य पत्रकारहरुलाई सदस्यता प्रदान नगरेको सहितका माग पुरा नभए सम्मका लागि तालाबन्दी गरेका थिए ।

## अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा च्याली तथा साडी वितरण




**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन ।**
सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा महिला हिंसाको अन्त्य, महिलाको अधिकार सुनिश्चितता र एकल महिलाको उत्थानका लागि शुक्रबार च्याली निकालिएको छ । सरकारको ध्यानाकर्षण गराउन तथा आम नागरिकमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले ११४औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर एकल महिला आत्मनिर्भरता तथा पुनर्स्थापना केन्द्र सप्तरीको अगुवाईमा च्याली निकालिएको हो । सचेतनामुलक कार्यक्रम पश्चात हनुमाननगर कंकालिनी नगरपालिकाका ७० जना एकल महिलाहरुलाई केन्द्रको तर्फबाट सहयोग स्वरुप साडी समेत वितरण गरिएको आयोजकले जनाएको छ ।

हिंसारहित समाजको निर्माण तथा एकल महिलाको जीवनमा सुधार ल्याउन यस्तो कार्यक्रमको आयोजना गरिएको केन्द्र कि जुही ठाकुरले जानकारी दिईन्

केन्द्रले अहिले विशेष गरी ग्रामीण क्षेत्रमा महिला हिंसा तथा एकल महिलाहरुको सशक्तिकणका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्दै उनले बताईन् ।

## गाडिएको अवस्थामा बालकको शव निकालियो, बुवाआमा पक्राउ

**वीरगञ्ज, २५ फागुन (रासस) ।**
छोराको हत्या गरेको आशङ्कामा पर्सा प्रहरीले आमाबुवालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले सिर्सिया नदी छेउस्थित स्मसानघाटमा गाडिएको अवस्थामा १२ वर्षीय बालकको शव निकालेर बुवाआमालाई पक्राउ गरेको हो ।

गोप्य सूचनाका आधारमा वीरगञ्ज महानगरपालिका-१२ मुर्ली निवासी शम्भु महतो धानुकका छोरा दिलीप मण्डलको शव निकालिएले र घटनाको अनुसन्धानका लागि उनलाई र श्रीमती सबतादेवीलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी

*बाँकी तीन पृष्ठमा*

## शिवालयहरुमा भक्तजनको घुँइचो




**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन ।**

महाशिवरात्रीको अवसरमा शुक्रवार राजविराजस्थित हरिनन्देश्वर महादेव मन्दिरसहित जिल्लाका शिवालयहरुमा भक्तजनहरुले श्रद्धासुमनका साथ पूजापाठ गरेका छन् ।

विहान २२ किलो मिटर टाढा रहेको सप्तकोशी नदीबाट काँवरमा पवित्र जल बोकेर पैदल यात्रा गरी आएका हज्जारौ भक्तजनद्वारा लगाइएको हर-हर महादेव र बोलबमको नाराले शिवालयहरु गुञ्जयमान बनेको थियो ।

हरिनन्देश्वर महादेव मन्दिरका मुल पुजारी महेश्वरी भारतीले सप्तकोशी नदीबाट पवित्र जल ल्याएर करिब २ हजार भन्दा बढी भक्तजनले भगवान शिवलाई जल अर्पण गरेको बताए ।

यस्तै जिल्लाको शम्भुनाथ, अंकुरी महादेव, लालेश्वरनाथ लगायतका शिवालयहरुमा पनि विहानै देखि दुध, जल, फलफुल, बेलपत्र चढाउने र पुजाका लागी आउने भक्तजनको घुईचो लागेको थियो ।

इच्छित मनोकामना पुरा भएपछि भाकल गरेका कतिपय श्रद्धालु सडकमा घिस्रिदै (दण्ड प्रणाम) त कतिपय नाचगान र भजन किर्तन गर्दै शिवालय पुगेका छन् ।

राजविराजस्थित हरिनन्देश्वर महादेव मन्दिरमा दर्शनका लागी आउने दर्शनार्थीका लागी जिल्ला प्रहरी कार्यालय सप्तरी र मन्दिर व्यवस्थापन समितिका साथै विभिन्न संघ संस्थाले सुविधा प्रदान

*बाँकी अन्तिम पृष्ठमा*

बालविवाह सामाजिक र कानूनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### आगलागि हुनबाट सचेत होऔं

फागुनदेखी बैशाख महिनासम्म हावाहुरी चल्ने मौसम रहेकोले आगलागिबाट सचेत हुनु जरुरी छ । यस मौसममा विशेषगरि ग्रामिण भेगमा आगलागिका घटना हुने गरेको छ । ती क्षेत्रमा प्राय गरि फुस तथा टिनको छाना भएको घरका संरचना हुने गरेको छ । विगतको तथ्याङ्क हेर्ने हो भने आगलागिबाट करोडौं मुल्य बराबरको क्षति हुने गरेको छ । यसरी आगलागिबाट बच्न विभिन्न सावधानीका उपायहरु अपनाउन जरुरी छ ।

हावाहुरीको मौसममा विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाउने बनीी बसाल्नु पर्छ । सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसाल्नु पर्छ । घरमा एक बाल्टीन वा अन्य भाडोमा अनिवार्य रुपमा पानी २४सै घण्टा राख्नु पर्छ । गाईगोठमा घुर बाल्दा सावधानी अपनाउनसपर्छ लगायतका उपायहरु अपनाउन सकिए आगलागिका घटनाबाट बच्न सक्छौं । यसबाहेक आगजनीका घटनालाई न्यूनिकरणका लागि प्रहरीसँग सहकार्य गर्ने र आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राख्नु पर्छ ।

तर ती उपायहरुलाई भने ग्रामिण क्षेत्रका जनताहरुले अवमुल्यन गरेको देखिन्छ । जिल्लामा आगलागिका घटनाहरु विगतमा धेरै नै हुने गरेको पाइएको छ । जसमा सम्पत्ति नष्ट हुनुका साथै मानविय क्षति समेत भएको प्रहरी तथ्याङ्कले देखाउछ । यसरी आगलागिका घटनाहरुबारे सचेतना समेत आवश्यक छ । तसर्थ यसका लागि सरोकारवाला निकायले आगलागिका घटनाबारे स्थानियस्तरमै ती उपायहरुबारे जानकारीका साथै सचेतनामूलक कार्यक्रम समेत संचालन गर्नु अति आवश्यक छ ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**

**Dr. Santosh Prasad Sah**

MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 15019

**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# आलेख : गरौँ घरदेखि राज्यस्तरसम्म महिलामा लगानी

**कालिका खड्का**

काठमाडौँ, २५ फागुन रासस ।

आज ८ मार्च अर्थात् ११४औँ अन्तर्राष्ट्रिय महिला दिवस ‘महिलामाथि लगानी गरौँ : प्रगतिलाई द्रुतगति प्रदान गरौँ’ भन्ने अन्तर्राष्ट्रिय र ‘महिलामा लगानी : सभ्य र समुन्नत समाजको थालनी’ भन्ने राष्ट्रिय नारासाथ विश्वभरि नै यो दिवस मनाइँदैछ । यस वर्षको नाराको मुख्य उद्देश्य महिलामा लगानी गर्नुपर्छ भन्ने नै रहेको छ ।

चितवनमा तीन दशकदेखि महिला र बालबालिकाका क्षेत्रमा काम गर्दै आउनुभएकी आदर्श गृह नेपालका सञ्चालिका मीना खरेललाई महिलामा लगानी गरेदेखि धेरै खालको समस्या समाधान हुन्छ भन्ने लाग्छ । “महिलामा लगानी जरुरी छ, त्यसमा पनि सबैभन्दा पहिला शिक्षा, स्वास्थ्य, रोजगारीका विषयमा लगानी गर्नुपर्छ”, उहाँले भन्नुभयो, “राज्य, सरोकारवाला निकाय र घरपरिवार सबैले महिलामा लगानी गर्नुपर्ने कुरालाई ध्यान दिनुपर्छ ।”

राज्यले महिलामा लगानी गर्दा मात्र देशको समग्र विकास हुने उहाँको बुझाइ छ । सडक बालकालिकाको उद्धार गर्ने संस्था समेत सञ्चालन गर्दै आउनुभएकी ‘हाम्रो घर’ की सञ्चालक समेत रहेकी मीनाले भन्नुभयो,“महिलाको विकासबिना देशको विकास हुन सक्दैन, महिलामैत्री र पीडितमैत्री संरचना बनाउन जरुरी छ ।” नेपाली समाजमा सकारात्मक सोचको विकास गर्न जरुरी भएको उल्लेख गर्दै उहाँले पुनःस्थापना गरिएका बालबालिका र महिलालाई रोजगारीको सुनिश्चित गर्नुपर्छ भन्ने मीनाको सरकारसँग माग छ । मीनाले थप्नुभयो, “शिक्षामा व्यावसायिक र प्राविधिक शिक्षा जरुरी छ, नत्र शिक्षा मात्र राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिस्पर्धा गर्ने खालको हुनुपर्छ ।”

मीनाले महिला पुनःस्थापनाका लागि भनेर खोलिएको आर्दश गृहमा हिंसामा परेका महिला, बालबालिका बेचबिखनमा परेका, अभिभावकविहीन बालबालिका, जवरजस्ती करणीमा परेका बालिका तथा महिलाको सरक्षण केन्द्रका रूपमा सञ्चालन गर्नुभएको छ । “हिंसामा परेका महिला तथा बालबालिकाको संरक्षण गर्ने संस्था हो, संस्थाले एक हजार एक सय ७६ भन्दा बढीको उद्धार गरेको छ, हाल संस्थामा २९ जना छ, पढाउने, खाने, बस्ने स्थानको व्यवस्था गरेको छ”, उहाँले भन्नुभयो,“यी महिलामध्ये ७५ वटा विषयमा मुद्दा लडेको छु, बालविवाह, बहुविवाह, अंशवंडा, जबरजस्ती करणी आदि विषयमा मुद्दा नै गर्नु परेको अवस्था छ ।”

उहाँले सडकमा रहेका बालबालिकाको उद्धार गर्ने संस्था हाम्रो घर सञ्चालन गर्दै आउनुभएको छ । सडक बालकालिका उद्धार गरी ल्याएर पुनःस्थापना गर्ने संस्था हो । अहिले उक्त घरमा उद्धार गरेर संरक्षणमा राखिएका धेरैजसो बालकहरू छन् । महिलामा लगानी र समानताका लागि हामी दाजुभाइ नामक संस्थाका अध्यक्ष संजोग ठकुरीले महिला अधिकारका लागि पुरुषसँग काम गर्ने अभियान नै सञ्चालन गर्नुभएको छ । महिलाका अधिकारका विषयमा महिला मात्र नभएर पुरुष पनि उत्तिकै सहभागिता जरुरी छ भन्ने उद्देश्यले काम उक्त अभियनका रूपमा काम सुरु गर्नुभएको हो ।

“महिलामा लगानी भनेको नारा मात्र होइन, यो आर्थिक र राजनीतिक विषय पनि हो, अहिले आधा महिलाले काम पाउँदैनन्, काम पाए पनि समान कामको समान ज्याला पाउँदैनन्”(उहाँले भन्नुभयो, “कतिपय समान ज्याला पाउनेले हिंसा भोगेका छन्, देशको कूल गार्हस्थ उत्पादनमा महिला शक्तिले पनि काम गरिरहेका छन् ।” संजोगलाई महिलाको विषय राजनीतिक विषय हो भन्ने लाग्छ किनभने अहिलेको राजनीति समानताको कुरा गर्ने सोच भएका हुनुपर्ने अबको राजनेता हिंसा र विभेद नगर्ने खालको हुनुपर्छ भन्ने सोच उहाँको छ ।

“समानता र सङ्घर्ष गरिरहेका महिलाको आवाजलाई राजनीतिमा ल्याउनुपर्छ, पहिलो काम महिलालाई अगाडि बढाउनका लागि लगानी नै गर्नुपर्छ, यो नारालाई सार्थकता दिन स्थानीयस्तरदेखि सङ्घीयस्तरसम्म महिलामा लगानी गर्नुपर्छ”(उहाँले भन्नुभयो, “लैङ्गिक समानता ल्याउन यही गतिमा गयो भने एक सय वर्ष लाग्छ भन्ने अध्ययनले देखाएको छ, त्यसले गर्दा अहिले महिलामा लगानी गर्नुपर्छ । अहिले बिर्सनै नहुने कुरा चाहीँ महिला एकै किसिमका छैनन्, विविधता छन्, केही अपाङ्गता भएका, दलित महिला, महिला भएर महिला नै मन पराउने महिला छन्, महिलाभित्र पनि सबैभन्दा पछाडि परेका महिलालाई मूलधारमा ल्याउनुपर्छ ।”

महिलालाई हरेक क्षेत्रमा अगाडि बढाउनका गैरसरकारी तथा गैरसरकारी निकायहरूले धेरै काम गरिरहेका छन् तर पनि महिलाको जीवनस्तरमा अझै सुधार हुन सकेको देखिंदैन । नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) को महिला कमिटीका अध्यक्ष सीता लामालाई श्रमजीवि महिलाले समान कामको समान ज्याला पाउनुपर्छ र श्रममा लैङ्गिक समानता हुनुपर्छ भन्ने लाग्छ । “गत साउन १ गतेदेखि सरकारले मजदूरलाई छुट्याएको रु १७ हजार तीन सय न्यूनतम् तलब पनि प्रभावकारी भएको छैन” श्रमजीवी महिलाकै पक्षमा काम गर्दै आउनुभएकी बागमती प्रदेशको पूर्व सांसद लामाले भन्नुभयो, “एउटै काम गर्ने मजदूरले पनि महिला र पुरुषलाई समान ज्याला छैन ।”

गरिखाने वर्गका लागि राज्यले ध्यान दिन नसकेको उल्लेख गर्दै उहाँले भन्नुभयो, “एउटा मजदूरले काठमाडौँ शहरमा बसेर कोठाभाडा तिरेर, बिहान बेलुका खाना खानुपर्छ, बिरामी पर्दा औषधोपचार गर्नुपर्छ भन्ने मानवीय संवेदना नै देखिंदैन । नेपालमा सीप, जागर, क्षमता भएर पनि उचित काम नपाउँदा नेपालमा सीप पसिना बगाउँछु भन्दा पनि नपाउँदा विदेसिनुपर्ने बाध्यता छ ।” नेतृ लामालाई एकसरो कपडा लगाउने विषयमा र श्रम ऐन पनि कार्यान्वयन प्रभावकारी बनाएर लैजानुपर्छ भन्ने लाग्छ ।

ट्रेड युनियनहरूसँग गरेको सम्झौता पनि कार्यान्वयन गर्नुपर्नेमा जोड दिदै महिलाले अझ धेरै विभेद खेप्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो । “रोजगारीको अधिकार नै महिलालाई छैन, जो महिला विवाहित हुन्छ, त्यसपछि बच्चा जन्माउँछ । अनि विदा दिनुपर्छ भनेर काम नै नदिने अवस्था पनि धेरै देखिएको छ, यस्तो सोचाइले महिलालाई रोजगारीको अवसर नै छैन ।”

‘श्रमजीवी वर्गको सम्मानित, समृद्ध र सिर्जनशील जीवनका लागि लैगिंक समानतातर्फ थप लगानी’ भन्ने नारा बनाएर जिफन्ट महिला कमिटीले काम गरिरहेको छ । “निर्माण क्षेत्रमा काम गर्ने महिलाले उतिकै इटा, बालुवा बोक्छन तर महिलाले कम पैसा पाउँछ तर पुरुषले बढी पैसा पाउँछ”( नेतृ लामाले भन्नुभयो, “महिलालाई पनि डकर्मीको तालिम दिइएको छ तर त्यही बाराबर काम गर्दा पुरुषले रु १५ सय र महिलाले एक हजार पाउँछ, योग्यता, क्षमता दक्षता हुँदा पनि महिलालाई अविश्वास गरेर काम पैसा दिन्छन् ।” उहाँको कामको अनुभवमा समान कामको ज्याला नपाउँदा महिलाले अवसर पाएका छैनन् ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीलाई महिलामा लगानी घरबाट छोरा र छोरीलाई नै बराबरी लगानी सुरु गरेर प्रारम्भ गर्नुपर्छ भन्ने लाग्छ । नेपाली समाजमा छोरालाई घर, घडेरी बेजेर पढाउने पठाउने चलनअनुसार छोरीलाई पनि त्यही अनुसार लगानी गर्नुपर्छ भन्ने सोच रहेको छ । “राज्यले लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक उत्तरदायी कार्यक्रम बनाउन जरुरी छ, हरेक स्थानीय तहले महिलाको शिक्षा, क्षमता अभिवृद्धि, सीप, स्वरोजगारका लागि बजेट छुट्याउनुपर्छ”, अध्यक्ष पराजुलीले भन्नुभयो, “राज्यको प्राथमिकता मानवीय विकासभन्दा भौतिक विकासमा धेरै छ, महिलाकै लागि विशेष योजना वा कार्यक्रम चाहिन्छ, सचेतनामूलक कार्यक्रम मात्र भएर हुँदैन ।”

राज्यको बजेट खर्च हुने र कार्यान्वयन हुने गरी स्थानीय तहमा महिलालाई लगानी गर्नुपर्ने उहाँको ठहर छ । महिलाभित्र पनि दलित, मधेसी, जनजाति, सिमान्तकृत, आर्थिक रुपले पछाडि परेका महिला, बालिकाको शिक्षा, उद्यम र आर्थिकरुपले सक्षम बनाउने र महिलाको उत्पादनलाई प्रवर्द्धन गर्ने व्यवस्था गर्नुपर्ने जरुरी देखिएको उहाँको भनाइ छ । “बालिकाका लागि र सरकारले विशेषगरी आर्थिक रुपले सक्षम बनाउन कार्यक्रम नै ल्याउनुपर्छ, यो घरदेखि राज्यसम्म महिलामा लगानी गर्नुपर्छ, तालिम क्षेत्रमा पनि बरु जुनियर पुरुषले पालो पाउँछ तर महिलालाई अवसर नदिने अवस्था छ”(उहाँले भन्नुभयो, “महिला नेतृत्व, क्षमता र योग्यता स्वीकार गरेर जानुपर्ने जरुरी छ, त्यही भएर लैङ्गिक समानताका लागि लागानी गर्नुपर्छ भनेर नारा बनाइएको हो ।”

महिलामा लगानीका साथै लैङ्गिकमैत्री कार्यस्थल, समानताको व्यवहार जरुरी छ । राज्यका प्रत्येका निकायमा ३३ प्रतिशत अनिवार्य कानुन व्यवस्था गरेअनुसार सरकार, मन्त्रिपरिषद्

*बाँकी तीन पृष्ठमा*


सुचना सुचना सुचना

यस समिति को मिति २०८०।११।२२ गते को निर्णयानुसार समितिको छैठौं बार्षिक साधारण सभा निम्न मिति, स्थान एंव समयमा हुने भएकोले यस समितिको आजिवन सदश्यज्यू हरु को गरिमामय अनिवार्य उपस्थिति को लागि साग्रह अनुरोध गार्दछु ।

कार्यक्रम

१. मिति २०८०।१२।१० गते शनिवार

२ स्थान :- माँ वैस्णवी काली मन्दिर परिसर रा.वि.३

३. उदघाटन सत्र विहान ११ बजे दोखि १ बजे सम्म

४. १ बजे देखि २ बजे सम्म चिया पान

५. बन्द सत्र २ बजे देखि ४ बजे सम्म

महा सचिव

राधेश्याम रमण

माँ वैष्णवी काली सेवा समिति, राजविराज

# महिलाका संवैधानिक अधिकार सुनिश्चित गर्नुपर्ने

काठमाडौँ, २५ फागुन (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले मुलुकको विकासका लागि महिलाका संवैधानिक अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभएको छ।

अध्यक्ष नेपालले ११४औँ अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा शुक्रवार विज्ञप्ति जारी गर्दै राज्यका सबै निकायमा महिलाको प्रतिनिधित्व सुनिश्चितताका साथै राष्ट्र निर्माणमा उनीहरूलाई अग्रसर हुने वातावरण निर्माण गर्नुपर्ने बताउनुभएको हो।

समाजमा विद्यमान सबै प्रकारका भेदभावको अन्त्यगरी जनताको आर्थिक तथा सामाजिक रुपान्तरण गर्नुपर्ने उल्लेख गर्दै विज्ञप्तिमा उहाँले विविधताले भरिएको मुलुकमा सामाजिक एकता कायम गर्न जातीय, लैङ्गिक तथा वर्गीय विभेद बाधक रहेकाले यसको अन्त्य गर्नुपर्नेमा जोड दिनुभएको छ। उहाँले आर्थिक, सामाजिक, राजनीतिकलगायत क्षेत्रमा महिलाको प्रतिनिधित्व सुनिश्चित गरी देशमा सामाजिक रुपान्तरण गर्न सकिने उल्लेख गर्नुभयो छ।

पूर्वप्रधानमन्त्री नेपालले देशमा विभिन्न समयमा भएका जनआन्दोलनमा महिला वर्गको सहभागिता र योगदानबाट राजनीतिक क्रान्ति पूरा गरिएको भन्दै उनीहरूलाई सामाजिक न्यायका साथै समानताका कानुनी अधिकार रहेकाले त्यसलाई सुरक्षित गर्ने दायित्व राज्यको भएको विज्ञप्तिमा भन्नुभएको छ। आज विश्वभर 'महिलामा लगानी: सभ्य र समुन्नत समाजको थालनी' भन्ने नाराका साथ अन्तर्राष्ट्रिय नारी दिवस मनाइँदैछ।

*गाडिएको...*

कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले राससलाई जानकारी दिनुभयो। शव परीक्षणका लागि नारायणी अस्पतालमा पठाइएको छ।

बालकको मृत्युबारे कसैलाई जानकारी नगराई अन्त्येष्टिस्थलमा छोरा गाडेको सूचना पाएपछि खटिएको प्रहरीले खाल्डोबाट शव निकालेको प्रहरी नायब उपरीक्षक थापाले बताउनुभयो। घटनाबारे थप अनुसन्धान भइरहेको छ।

*आलेख...*

र राजनीतिक दलमा लागू गर्नुपर्ने देखिन्छ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको हकसम्बन्धी निम्न व्यवस्था गरिएको छ। उक्त हकमा प्रत्येक महिलालाई लैंगिक भेदभाव बिना समान वंशीय हक हुनेछ। प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुनेछ। महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन।

त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ। महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ। सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ भनी व्यवस्था गरेको छ।

राजनीतिक तबरबाट शुरु भएको भएता पनि हाल महिला अधिकार, महिला सशक्तीकरण र समानता जस्ता विषयहरू अन्तरराष्ट्रिय महिला दिवसका विषय हुने गरेका छन्। यो दिवस सर्वप्रथम सन् १९०९ फेब्रुअरी २८ मा मनाइएको थियो। सन् १९१० मा महिलालाई मत हाल्ने अधिकार सुनिश्चित गर्ने उद्देश्यका साथ यसलाई अन्तर्राष्ट्रिय दर्जा प्रदान गरिएको थियो। सन् २०२४ मा आइपुग्दा विश्वभर ११४ औं अन्तरराष्ट्रिय नारी दिवस मनाइएको छ। यो दिवस मार्च महिनाभर नै मनाउने गरिएको छ।

संयुक्त राज्य अमेरिकाको सोसलिस्ट पार्टीले २८ फेब्रुअरी १९०९ मा सर्वप्रथम महिला दिवसको आयोजना गरेको थियो। सोसलिस्ट पार्टीले सन् १९०८ को अन्तर्राष्ट्रिय महिला श्रमिकको आन्दोलनको स्मरणमा २८ फेब्रुअरी १९०९ का दिन महिला दिवस मनायो। यसपछि यो फेब्रुअरीको अन्तिम आइतबारको दिन मनाइन थालियो।

सन् १९१० मा सोसलिस्ट इन्टरनेशनलको कोपेनहेगनमा सम्पन्न सम्मेलनमा यसलाई अन्तर्राष्ट्रिय दर्जा प्राप्त भयो। त्यस समय यसको प्रमुख ध्येय महिलालाई मताधिकार दिनु थियो। त्यस समय महिलालाई मत दिने अधिकार कतिपय देशमा थिएन। महिला समानता र सशक्तीकरणका लागि यो दिवस विश्वभर नै मनाउँदै आइरहेको छ। यसरी विश्वव्यापी मनाउन थालिएको यो दिवसका कारण महिलाको सशक्तीकरणका क्षेत्रमा केही टेवा पुऱ्याए पनि महिलाले अझै आफ्नो अधिकार, न्याय र समानताका लागि भने आवाज बुलन्द गर्नुपर्ने नै देखिन्छ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोबाईल नं. ९८५२८२०९३५**

# विश्व समाचार

## सहायतालाई 'बार्गेनिङ चिप' का रूपमा प्रयोग नगर्न इजरायललाई बाइडेनको सुझाब

गाजा पट्टी, २५ फागुन (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति जो बाइडेनले गाजामा पठाउने सहायतालाई मोलमोलाइको बिषय (बार्गेनिङ चिप) का रूपमा प्रयोग नगर्न र गाजामा तत्काल अस्थायी युद्धविराम गर्न आह्वान गर्नुभएको छ।

राष्ट्रपति बाइडेनले अमेरिकी संयुक्त सदनमा आफ्नो वार्षिक 'स्टेट अफ द यूनियन' सम्बोधनको प्रयोग गर्दै पाँच महिना लामो युद्धका बारेमा अहिलेसम्मकै सबैभन्दा कडा टिप्पणी गर्नुहुँदै अमेरिकी सेनालाई गाजामा 'आपतकालीन सहायता' को नेतृत्व गर्न पनि आदेश दिनुभएको छ।

हमासका वार्ताकारहरूले कतारमा नेतृत्वसँग परामर्श गर्न इजिप्टमा मध्यस्थकर्ताहरूसँग भएको वार्ता छोडेपछि रमजान सुरु हुनुअघि नयाँ युद्धविरामको आशा क्षीण हुँदै गएको समय उहाँको यो भनाइ आएको हो।

उहाँले भन्नुभयो, "मानवीय सहायता गौण वा मोलमोलाइको बिषय हुन सक्दैन भन्ने कुरा मैले इजरायलको नेतृत्वलाई बताउन चाहन्छु। निर्दोष जीवनको रक्षा र संरक्षण प्राथमिकता हुनुपर्दछ।"अस्थायी आश्रयस्थल र युद्धविराम खाद्यान्न, पानी, औषधि र अस्थायी आश्रयस्थल बोकेका ठूला जहाजलाई गाजा प्रवेशमा सहज हुनसक्ने राष्ट्रपति बाइडेनले आफ्नो सम्बोधनअघि बताउनुभएको छ।

गाजामा बढ्दो मानवीय सङ्कटका बावजुद इजरायललाई दिएको निरन्तर समर्थनका कारण राजनीतिक दबाबको सामना गरिरहेका अमेरिकी राष्ट्रपति बाइडेनले अमेरिकी कर्मचारीहरू अपतटीय क्षेत्रमा रहने, सहयोगीहरूले बन्दरगाहबाट तटवर्ती अपरेसनहरू प्रबन्ध गर्ने बताउनुभयो।

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयेनले शुक्रबार भूमध्यसागरीय टापुमा प्रस्तावित करिडोरका विषयमा वार्ता गर्ने अपेक्षा गरिएको छ। इजरायलको सबैभन्दा बलियो सहयोगी संयुक्त राज्य अमेरिकाले बिहीबार जोर्डन, बेल्जियम, इजिप्ट, फ्रान्स र नेदरल्याण्ड्सका विमानसहित गाजामा एक हप्ताभन्दा कम समयमा तेस्रो पटक सहायताको अर्को हवाई आक्रमण गरेको छ।

गाजामा सहायताका लागि सडक पहुँच अवरुद्ध भएपछि प्यालेस्टिनी क्षेत्रका लागि संयुक्त राष्ट्रसङ्घीय सहायता संयोजक सिग्रिड कागले हवाई मार्गको स्वागत गर्दै स्थलमार्ग 'राम्रो समाधान' रहेको बताउनुभयो। "हामीलाई थाहा छ कि हामीले लामो समयसम्म गाजावासीहरूलाई मानवीय सहायता कायम राख्नुपर्छयो सजिलो छ, यो छिटो छ, यो सस्तो छ, विशेष गरी यदि हामीलाई थाहा छ कि हामीले लामो समयसम्म गाजावासीहरूलाई मानवीय सहायता कायम राख्नुपर्छ," पूर्व डच अर्थमन्त्रीले भने।

बाइडेनको सम्बोधनअघि अमेरिकी अधिकारीहरूले बन्दरगाहमा योजनाबद्धरूपमा सहायता वितरण सुरु हुन 'केही हप्ता' लाग्ने बताएका थिए। अमेरिकी प्रशासनले 'इजरायलीहरूलाई पर्खने' बताएका थिए।

इजरायलले गाजामा थप राहत दिन असफल भएकोमा ह्वाइट हाउसको बढ्दो निराशाको सङ्केतको रूपमा अधिकारीहरूले सहायता अभियानलाई 'अमेरिकी नेतृत्वका लागि एक महत्वपूर्ण क्षण' को रूपमा वर्णन गरेका छन्।

## कम उमेरमा बिहे गर्छन् इजरायली मुस्लिम महिला

तेल अविव, २५ फागुन (रासस/एएनआई)।

इजरायली मुस्लिम महिलाले औसतमा सबैभन्दा कम उमेरमै विवाह गर्ने गरेका इजरायली केन्द्रीय तथ्याङ्क विभागद्वारा हालै सार्वजनिक एक तथ्याङ्कमा उल्लेख गरिएको छ।सन् २०२४ मार्च ८ मा मनाइने अन्तर्राष्ट्रिय महिला दिवसको पूर्वसन्ध्यामा यो तथ्याङ्क सार्वजनिक गरिएको हो।

सन् २०२२ को तथ्याङ्क अनुसार इजरायलमा मुस्लिम महिलाहरूले औसत २३.५ वर्षको उमेरमा विवाह गर्छन्। ड्रुज महिलाहरूमा विवाहको औसत उमेर २५.४ बर्ष रहेको छ भने यहूदी महिलाहरूमा २५.६ बर्ष र क्रिश्चियन महिलाहरूमा २७.६ बर्ष छ।

सन् २०२२ मा महिलाको बच्चा जन्माउने औसत उमेर बढेर ३०.७ वर्ष पुगेको छ जुन सन् २००० को औसत उमेरको तुलनामा आठ महिना बढी हो।इजरायलमा सन् २०२२ मा करिब एक लाख ७७ हजार २०० महिलाले बच्चा जन्माएका थिए। इजरायली महिलाले आफ्नो जीवनमा औसतमा २.८९ बच्चा जन्माउँछन्। यो सङ्ख्या आर्थिक सहयोग र विकास सङ्गठन (ओईसीडी) सदस्य देशहरूको औसत १.५८ बच्चाको तुलनामा बढी हो।

सन् २०२३ मा आमा बनेका १७ वर्षमाथिका इजरायली किशोरीको सङ्ख्या करिब १२ लाख अर्थात् कूल महिला जनसङ्ख्याको ३५ प्रतिशत छ। यीमध्ये ९० प्रतिशत आफ्नो जीवनसाथीसँग बस्छन् र बाँकीले एकल अभिभावकत्वमा परिवारको नेतृत्व गर्छन्

# चाडपर्वबाट एकता र मेलमिलापको आधार बन्ने

काठमाडौँ, २५ फागुन (रासस) । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले चाडपर्वका माध्यमबाट सामूहिक भावनालाई अझ विकसित गर्दै सबैमा एकता र मेलमिलापको आधार खडा गर्न सहयोग पुग्ने बताउनुभएको छ ।

महाशिवरात्रिका अवसरमा आज एक शुभकामना सन्देश जारी गर्दै सभापति देउवाले, "नेपाल विभिन्न चाड-पर्व, धार्मिक एवम् सांस्कृतिक रीतिरिवाज भएको मुलुक हो, प्रत्येक पर्वलाई सबैले आदर गर्ने हाम्रो आफ्नै सद्भावयुक्त परम्परा छ, हाम्रा यी सबै चाड-पर्व हाम्रो सामाजिक सम्बन्ध र सांस्कृतिक सौहार्द्रताका धरोहर हुन्", भन्नुभएको छ ।

शिवरात्रिजस्ता चाडपर्वले सामूहिक भावनालाई अझ विकसित गर्दै सबैमा एकता र मेलमिलापको आधार खडा गर्न सहयोग पुऱ्याएको सभापति देउवाले सन्देशमा बताउनुएको छ ।

सभापति देउवाले महाशिवरात्रिको अवसरमा आफू र आफ्नो पार्टीका तर्फबाट सम्पूर्ण हिन्दू धर्मावलम्बी नेपाली दाजुभाइ तथा दिदी-बहिनीमा सुख, शान्ति र समृद्धिको कामना गर्नुभएको छ ।

# राष्ट्रपतिबाट टुँडिखेलमा महाशिवरात्रि बढाइँ अवलोकन

काठमाडौँ, २५ फागुन (रासस) । राष्ट्रपति रामचन्द्र पौडेल महाशिवरात्रि तथा २६१औँ सेना दिवसका अवसरमा नेपाली सेनाद्वारा सैनिक मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहमा सरिक हुनुभयो ।

सो अवसरमा उहाँले त्यहाँस्थित सैनिक स्मारकमा पुष्पहार अर्पण गरी श्रद्धाञ्जली व्यक्त गर्नुका साथै नेपाली सेनाद्वारा अर्पण गरिएको सलामी ग्रहण गर्नुभयो ।

राष्ट्रपति पौडेल नेपाली सेनाका परमाधिपति हुनुहुन्छ । नेपाली सेनाले महाशिवरात्रिको दिनलाई सेना दिवसका रूपमा मनाउँदै आएको छ । शास्त्रीय मान्यताअनुसार शिवलाई शान्ति र सुरक्षाको प्रतीकका रूपमा लिने गरिन्छ ।

समारोहमा राष्ट्रपति पौडेलले नेपाली सेना, सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयद्वारा प्रकाशित 'सिपाही-२०८०' वार्षिक पत्रिका विमोचन गर्नुभयो । उहाँले 'फ्री फल जम्प' मा प्रथम हुनुभएका अमलदार टङ्कबहादुर डाँगी र दोस्रो हुनुभएका सेनानी जगनाथ दनैलाई पुरस्कार प्रदान गर्नुभयो । राष्ट्रपति पौडेलले सेना दिवस समारोहमा ब्याण्ड प्रस्तुत गर्नुहुने भारतीय, बेलायती र अमेरिकी सेनाका टोली प्रमुखलाई सम्झनास्वरुप उपहार प्रदान गर्नुभयो ।

यसअघि सेनाको हेलिकप्टरमार्फत पुष्पवृष्टि गर्नाका साथै राष्ट्रिय झण्डा र 'सेना दिवस-२०८०' लेखिएको ब्यानर प्रदर्शन गरियो । त्यस अवसरमा सेनाले राइफल र तोपबाट महाशिवरात्रि बढाइँ तथा कवाज प्रस्तुत गरेको थियो । समारोहमा सेनाद्वारा विभिन्न रणकौशल तथा परम्परागत वेशभूषा झल्कने विविध कला, नृत्य र सङ्गीतको धुन प्रदर्शन गरियो । कार्यक्रममा मार्चपास समेत प्रस्तुत गरिएको थियो ।

सो अवसरमा नेपाली सेनाले शान्ति मिसनमा प्रयोग गर्दै आएका विभिन्न खालका सवारीसाधन, उपकरण र हातहतियारको प्रदर्शन गरिएको थियो । सेनाको टोलीबाट नेपालको झण्डा, देशको नक्सा, डमरु आकृतिलगायतको प्रस्तुति भएको थियो ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ उपस्थित हुनुहुन्थ्यो । उपप्रधानमन्त्री, मन्त्रीगण, सांसद, संवैधानिक निकायका प्रमख एवं पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकारी, सुरक्षा निकायका प्रमुख, नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि तथा समाजका लब्ध प्रतिष्ठित महानुभाव पनि शिवरात्रिको बढाइँ हेर्न टुँडिखेल पुग्नुभएको थियो ।

शिवरात्रिको बढाइँ हेर्न टुँडिखेल वरपर सर्वसाधारणको घुइँचो लागेको थियो । उक्त समारोहको नेपाल टेलिभिजनलगायत विद्युतीय सञ्चारमाध्यमले प्रत्यक्ष प्रसारण गरेका थिए । समारोहपछि प्रधानसेनापति प्रभुराम शर्माले समाजका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिलाई प्रधानसेनापति प्रशंसा पदक प्रदान गर्नुभयो ।

## *शिवालयहरुमा...*

गरेका थिए ।

मारवाडी युवा मञ्च, राजविराज जेसिज, विश्व हिन्दु युवा संघ, नरसिंह हिन्दु सेना नेपाल, युनाईटेड डेभलपमेन्ट नेपाल, सामुदायीक सेवा केन्द्र, हिन्दु सम्राट सेना, राष्ट्रिय बजरंग दल लगायताका संघ संस्थाले पञ्मामृत, दुध, बेलपत्र, जल लगायत पुजा समाग्रीको प्रबन्ध मिलाएपछि भक्तजनहरुलाई पुजापाठ गर्न सहज भएको थियो ।

भक्तजनका सुविधा र सुरक्षाका लागी आवश्यक सबै व्यवस्था मिलाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए ।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*